**Tribhuvan University Journal**
**Vol. 33, No. 2: 187-202, December, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v33i2.33646

# गोठालेका कथामा लकानेली परिकल्पना

*रजनी ढकाल**

**सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, त्रिवि*

## लेखसार

प्रस्तुत लेखमा गोठालेका कथामा लकानेली परिकल्पना पद्धतिको प्रयोग कसरी भएको छ र त्यसले गोठालेका कथामा कस्तो प्रभाव पारेको छ भन्ने मूल जिज्ञासाको समाधान खोजिएको छ । गोविन्दबहादुर मल्ल गोठाले मनोविश्लेषणात्मक कथा लेख्ने स्रष्टा हुन् र उनका कथालाई  मनोविश्लेषणका अन्य सन्दर्भसँगै उत्तर संरचनावादी मनोविश्लेषक ज्याक लकाँको परिकल्पना-पद्धतिका कोणबाट पनि अध्ययन गर्न सकिन्छ ।  मानिसको मनोजगत् आफ्नै मनको चेतन र अचेतनको द्वन्द्वमा रुमलिनुको मूल कारण समाज र भाषा हो र यसै द्वन्द्वमा मान्छेले अभाव, अस्पष्टता र अपूर्णताको अनुभव गरिरहन्छ भन्ने लकानेली मान्यतालाई आधार बनाई यस अध्ययनमा गोठालेका पाँचवटा प्रमुख कथाको विश्लेषण गरिएको छ । सम्बद्ध कथाको सूक्ष्म पठन गर्दै पात्र र तिनका द्वन्द्वरत मनोदशाको विश्लेषणबाट पात्रमा देखिएको द्वैध चरित्र समाजको अवस्थाका कारण निर्मित भएको हो र परिकल्पना पद्धतिको प्रयोगले चरित्रगत विशिष्टतामार्फत गोठालेका कथाहरू जीवन्त बन्न पुगेका छन् भने ती युगलाई चिनाउन सक्ने पनि भएका छन् भन्ने निष्कर्ष यस अध्ययनमा निकालिएको छ ।

**मूल शब्दावली :** परिकल्पना पद्धति, ल-होमलेट, भ्रमपूर्ण अवस्था, एकत्व, दूरी, ऐना प्रकरण ।

## विषयपरिचय

गोविन्द गोठाले (वि.सं.१९७९-वि.सं.२०६७) का कथाहरू मनोविश्लेषणका अनेक कोणबाट अध्ययन गर्न सकिन्छ  । उनका कथा फ्रायडेली र उत्तर फ्रायडेली मान्यताका कोणबाट विश्लेषणयोग्य छन् । मानव मनोविज्ञानको क्षेत्र अत्यन्त जटिल छ । मानवको मनोविज्ञानलाई उसका व्यक्तिगत चेतन र अचेतनका द्वन्द्वले त प्रभावित गर्छ नै साथसाथै संस्कृति तथा सामूहिक संस्कृतिहरू, सामाजिक जीवनका क्रममा उत्पन्न हुने हीन भावना तथा भाषा र सामाजिक संरचनाले समेत प्रभावित पार्छन् भन्ने कुरा गोठालेका कथाका पात्रको मनस्थितिबाट प्रस्ट हुन्छ । उत्तर फ्रायडेली समालोचक तथा फ्रायडेली मान्यताका पुनर्व्याख्याता उत्तर संरचनावादी चिन्तक ज्याक लकाँको मनोविश्लेषणात्मक सिद्धान्त परिकल्पना पद्धतिका प्रयोगका दृष्टिले पनि गोठालेका कथाहरू महत्त्वपूर्ण देखिन्छन् ।

सामाजिक अवस्थाका कारण मानिस जीवनभर परिचयको सङ्कटमा रहन्छ र ऊ द्वन्द्वग्रस्त मनस्थितिमा आफ्नो पहिचानको बेमेल मनस्थितिमा रुमलिरहेको हुन्छ भन्ने मान्यता नै परिकल्पना पद्धतिको मूल मान्यता हो । गोठालेका कथामा लकानेली परिकल्पना पद्धतिको खोजी गर्ने मूल उद्देश्यमा केन्द्रित रहेको यस अध्ययनमा गोठालेका कथाको अध्ययन गर्न लकाँको परिकल्पना पद्धतिलाई सैद्धान्तिक आधार बनाइएको छ । यस अध्ययनमा गोठालेका 'त्यो क्रान्तिको प्रतीक', 'म जुजुमान', 'चुनाव', 'दुई बूढा', 'कृष्णमैया' कथाका अणुशमशेर, जुजुमान, बाबानानी, रौनकमान र निरञ्जन तथा कृष्णमैया जस्ता पात्रको चरित्रको द्वन्द्वमय अवस्थालाई परिकल्पना पद्धतिका कोणबाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ज्याक लकाँ तथा उनका मनोविश्लेषणात्मक मान्यता

ज्याक मारी एमिल लकाँ (सन् १९०१-१९८१) फ्रान्सेली मनोविश्लेषक हुन् । उनले मनोविश्लेषणात्मक सिद्धान्तलाई दर्शन, भाषाविज्ञान, साहित्य र गणितका सन्दर्भबाट व्याख्या गरेका छन् (क्लार्क, सन् १९९४, पृ. ४५०) । लकाँले फ्रायडेली मनोविश्लेषणलाई पर्याप्त विस्तार गरका छन् र यसलाई भाषिक रूप दिएका छन् । लकाँको अध्ययन नवमनोविश्लेषणात्मक संरचनाबाट नव आयाम प्राप्त छ (त्रिपाठी, २०५६/०५७, पृ. ८१) । लकाँले तीनवटा पद्धतिहरूबारे छलफल गरेका छन् । ती हुन् : परिकल्पना पद्धति, साङ्केतिक पद्धति र वास्तविक पद्धति । यीमध्ये परिकल्पना पद्धतिको प्रारम्भ चाहिँ शिशु भाषाको संसारमा छिर्न अगावै हुन्छ । शिशुको प्रारम्भिक अवस्था शारीरिक अव्यवस्थाको अवस्था हो जसमा शिशुले आफ्नो तथा आफ्नी आमाको शरीरबिच कुनै भेद खुट्ट्याउन सक्दैन । अर्को शब्दमा भन्दा शिशुले आफ्नो र आमाको शरीर एउटै हो भन्ठान्छ । त्यस अवस्थामा आफ्नो दिसा पिसाब गर्न र आफ्ना शारीरिक प्रक्रियाहरूलाई नियन्त्रण गर्न समेत नसक्ने हुँदा शिशुले आफूलाई अस्तव्यस्त र अस्पष्ट अनुभूतिहरूको रूपमा मात्र अनुभव गर्छ । यस्तो अवस्थालाई लकाँले 'ल-होमलेट' (LÚhomelette) को अवस्था भनेर नामकरण गरेका छन् । ल-होमलेटको यस्तो अवस्थामा शिशुको 'म' अर्थात् व्यक्तिगत अहम् वा परिचयको सुरुवात भएको हुँदैन । शिशुको व्यक्तिगत अहम् वा 'म' भन्ने भावनाको सुरुवात ऐना प्रकरणका समयमा हुन्छ (लकाँ, सन् १९७७, पृ. २) । लकाँको भनाइअनुसार ऐना प्रकरण शिशु ६ महिनादेखि १८ महिना हुने बेलासम्म कुनै पनि समयमा घटित हुन सक्छ । यस प्रकरणका समयमा शिशुले पहिलो पल्ट आफ्नो छवि ऐनामा हेर्छ र त्यो छवि 'स्व' वा 'अन्य' हो भन्ने बुझ्छ । ऐनामा देखिएको 'म' हुँ भन्ने बुझ्नेबित्तिकै शिशुको अहम्को प्रारम्भिक सुरुवात हुन्छ । त्यो समयमा शिशुले आनन्द अनुभव गर्छ तर साथसाथै पीडा र बेमेलको अनुभूति पनि गर्छ । पहिलो चोटि आमाको शरीरबाहिर आफ्नो पृथक् अस्तित्व रहेछ भनेर रमाएको शिशु आफ्नो 'म' हुनुको अनुभूतिमा रमाउँछ तर साथसाथै ऐनामा देखिएको छविमा आफू नभएको अनुभूति गर्दै पीडा पनि महसुस गर्छ । ऐनामा देखिएको स्व प्रतिविम्बमा एकरूपता हुन्छ । त्यस विपरीत शिशुले आफ्नो जैविक शरीरमा अस्तव्यस्त अनुभूतिहरू मात्र पाउँछ (लकाँ,


सन् १९७७, पृ. ३) । ऐनामा देखिएको स्वप्रतिविम्ब र आफ्नो जैविक शरीरबिच रहेको दूरी र बेमेलको अनुभूति गर्दै ऊ दुःखित हुन्छ र पीडायुक्त पृथकताको अनुभव गर्छ (उप्रेती, २०६९, पृ. ५५) । लकाँका अनुसार मानिसमा चेतनको 'म' र अचेतनको 'म' बिच स्व (सेल्फ) र अन्य (अदर)को द्विचर सम्बन्ध छ र पहिलो 'म' को केन्द्रीयतामा भन्दा अचेतन 'म' को सक्रियता ज्यादा हुन्छ । मानिस सधैँ अचेतनद्वारा शासित छ भन्दै लकाँले अहम् केवल कल्पना हो र चेतनद्वारा चलेको सोच्नु भ्रम हो भन्ने विचार स्थापित गरे (गौतम, २०७१, पृ. १५०) । मानिसले बोल्ने र गर्ने हरेक क्रियाकलाप अचेतनबाट निर्देशित छ भन्ने लकाँको मत रहेको छ ।

लकाँको चिन्तन भाषाविज्ञान र फ्रायडेली मनोविश्लेषणको गम्भीर पठनमा आधारित छ (हबिब, सन् २००८, पृ. ९१) । यसकै आधारमा उनले मानवीय मनोविश्लेषणमा सङ्केतक र सङ्केतितको मान्यतालाई भित्र्याएका छन् । उनले यस धारणामा आफ्नो चिकित्साशास्त्रीय अध्ययनको पनि संयोजन गरेका छन् । यही आधारमा उनले अचेतनको संरचना भाषाको संरचना जस्तै हुन्छ भनेका छन् (लकाँ, सन् १९७७, पृ. ४९-५०) । फ्रायडले यो तर्क अर्कै सन्दर्भमा प्रयोग गरेका थिए । फायडले रूपक (मेटाफोर) र  समीपिका (मेटोनमी) जस्ता भाषागत प्रयोगहरू सपना मार्फत् हुने अचेतनमा भेटिन्छ भन्ने तर्क राखेका थिए तर सपनामा सङ्घनन (कन्डेन्सन) तथा स्थानान्तरण (डिस्प्लेसमेन्ट) मार्फत् व्यक्त हुने मेटाफोर र मेटोनमी जस्ता भाषागत प्रयोगलाई पनि फ्रायडले यौनेच्छासँग जोडेका थिए । लकाँले भने अचेतनलाई यौनेच्छा र भाषाको समग्र संरचना अनि भाषिक कार्यसँग जोडेका छन् (लिच, सन् २००१, पृ. १२८३) । लकाँका अनुसार भाषा भनेको रूपक, समीपिका, श्लेष जस्ता वाक्कलाको खेल हो जहाँ अचेतन समावेश हुन्छ (गौतम, २०७१, पृ. १५७) । ससुरको भनाइ अनुसार सङ्केतक र सङ्केतितबिच अविच्छिन्न सम्बन्ध हुन्छ तर लकाँको मतमा सङ्केतित सङ्केतकहरूको अन्तहीन शृङ्खलामा लगातार चिप्लिरहन्छ (लकाँ, सन् १९७७, पृ. ५३) । अचेतनले यस्तो सङ्केतितको चाहना गर्छ जहाँ गएर त्यो अनन्त चिप्लाइको अन्त होस् र समय तथा इतिहासभन्दा माथि रहेको सार्विक सङ्केतितको प्राप्ति होस् । उनका विचारमा भगवान्, सार्विक सत्य वा अन्तिम सत्य आदिको खोज त्यही अभाव /अचेतनले चाहेको अनुभवातीत सङ्केतित (ट्रान्सेन्डेन्टल सिग्निफाइड) को खोज हो । तर विडम्बना के छ भने साङ्केतिक पद्धतिमा प्रवेश गर्नासाथ भाषाको संसारमा होमिन पुगेको मानव एउटा सङ्केतबाट अर्को सङ्केततिर चिप्लिरहन्छ तर अनुभवातीत सङ्केतितलाई कहिल्यै पनि प्राप्त गर्न सक्दैन (लकाँ, सन् १९७७, पृ. ८५) ।  यसै अप्राप्तिको कारणले व्यक्तिको मनमा अभाव (ल्याक) को सिर्जना हुन्छ जसलाई लकाँले भाषाले गर्ने कास्ट्रेसन पनि भनेका छन् ।

भाषामा हुने अर्थको चिप्लाइ र त्यसबाट उत्पन्न अभाव (ल्याक) तथा साङ्केतिक कास्ट्रेसनको कारणले गर्दा मानिसको आत्मगतता (सब्जेक्टिभिटी) हर क्षण परिवर्तित भइरहने विभिन्न किसिमका अन्तर्विरोध तथा आन्तरिक विरोधाभासबाट संरचित हुन्छ । यदि

मानव आत्मगतता, अभाव तथा भाषाको संसारमा छिर्नासाथ घटित हुने कास्ट्रेसन मार्फत निर्मित नभएको भए उक्त आत्मगततामा एकरूपता हुने थियो । तर अचेतनमा (भाषाको संसारमा) अर्थहरू चिप्लिरहने भएको हुनाले मानव आत्मगतता विरोधाभासी इच्छा तथा स्वैरकल्पनाहरूबाट सधैँ प्रभावित रहन्छ ।

लकाँको भनाइअनुसार परिकल्पना पद्धति, साङ्केतिक पद्धति र वास्तविक पद्धति एकअर्कासँग अविभाज्य ढङ्गले जोडिएका हुन्छन् । विश्लेषणको लागि तिनलाई छुट्ट्याउँदा पनि वास्तवमा भने एउटा पद्धति अर्कोसँग मिसिएकै हुन्छ । तीनवटै पद्धति एकअर्कासँग मिसिएर जोडिएको अवस्थालाई लकाँले 'बोरोमियन नट' को नाम दिएका छन् (इभान्स, सन् १९९६, पृ. १८-१९) । यस विचारलाई अर्को ढङ्गले बुझ्दा के भन्न सकिन्छ भने मानव अचेतन साह्रै जटिल विषय हो । यो यौनबाट, समाजबाट र जीवनका विभिन्न भोगाइबाट एकसाथ निर्देशित हुन्छ । लकाँले 'बोरोमियन नट' लाई चित्रमा यसरी प्रस्तुत गरेका छन् :



*द बोरोमियन नट, चित्र स्रोत : (इभान्स, सन् १९९६, पृ. १९) ।*

परिकल्पना, साङ्केतिक र वास्तविक पद्धतिहरू एक अर्काबाट पृथक होइनन् । माथि देखाइएको चित्रमा रहेका तीन ओटा वृत्तिहरू एक अर्कासँग अविभाज्य ढङ्गले जोडिए

भैँ ती तीनवटा पद्धतिहरू पनि एक अर्कासँग जोडिएर एक अर्कालाई लगातार प्रभावित गरिरहन्छन् ।

## परिकल्पना पद्धति

लकाँले बनाएका तीनवटा पद्धति (परिकल्पना पद्धति, साङ्केतिक पद्धति र वास्तविक पद्धति) हरूमध्ये परिकल्पना पद्धतिलाई ऐना प्रकरणसँग जोडेर व्याख्या गरेका छन् (लकाँ, सन् १९७७, पृ. ४) । उनको मतअनुसार ऐना प्रकरण शिशुको जीवनको निश्चित अवधि (६ महिनादेखि १८ महिनाभित्र)मा घटित हुने भए तापनि ऐना प्रकरण सँगसँगै प्रारम्भ भएको परिकल्पना पद्धति चाहिँ मानिसको जीवनभरि नै घटित भइरहन्छ (उप्रेती, २०६९, पृ. ५६) । जसरी शिशु ऐनामा आफ्नो छाया हेर्दै 'म त्यो हुँ' भन्दै रमाउँछ र साथसाथै म त्यो होइन (वा म त्यो छविमा छैन) भन्ने पीडाबोध गर्छ त्यसले गर्दा ठूलो भएपछि त्यस शिशुले जीवनका विभिन्न क्षणहरूमा परिकल्पनाको साङ्केतिक ऐनामा अरू थुप्रै व्यक्ति, समूह वा विचारसँग एकत्व र दूरी सँगसँगै अनुभव गर्दै आनन्द र पीडा साथसाथै भोगिरहन्छ । कास्टल (सन् २००७ का अनुसार यो समय उसको त्यस्तो परिकल्पनाको समय हो जहाँ दमित स्वैरकल्पना र कल्पनाहरू विस्तारै परिकल्पनाका रूपमा बाहिर आउँछन् । लकाँले यसको विकासमा भाषाको प्रधान भूमिका हुने कुरा औँल्याएका छन् । व्यक्ति प्रौढ हुँदै जाँदा उसका इच्छाहरू पनि पराधीन बन्छन् तर ऊ पराधीनतामा नै रमाउँदै वा आत्मसातीकरण हुँदै जान्छ । जस्तो देशको राजनीतिक पार्टीसँगको आबद्धता स्वीकार गरेर एउटा व्यक्तिले आफूलाई त्यही पार्टीको अभिन्न अङ्ग वा त्यही हुँ भन्ने मान्छ तर त्यो व्यक्ति वास्तविक जीवनमा त एक्लै हुन्छ । आफ्ना समस्याहरूसँग ऊ आफैँ जुरुछ । शैशव कालमा ऐनामा देखिएको आफ्नै प्रतिविम्बलाई हेर्दै रमाए भैँ ऊ त्यस राजनीतिक पार्टी र त्यससँग आबद्ध नेताहरूको सफलतासँग आफूलाई एकत्व स्थापित गरेर रमाउँछ तर ऐना प्रकरणमा उसले अनुभव गरेको पीडादायक पृथकताभैँ त्यो पार्टी र नेताहरूसँग स्थापित गरेको एकत्व पनि सधैँ डगमगाइरहेकै हुन्छ । बालकले ऐनामा, अरू मान्छेमा वा वस्तुमा पनि आफ्नो प्रतिबिम्ब देख्न थाल्छ र भ्रमपूर्ण (alienated) हुँदै जान्छ । यसले गर्दा उसले आफ्नै 'स्व' को अनुभव गर्न सक्दैन (बराल, २०७२, पृ. ८८) । यस्तो अवस्था मानिसले जीवनभर अनुभूत गरिरहेको हुन्छ ।

मानिस जीवनमा कुनै व्यक्ति, संस्था वा पक्षप्रति आफ्नो परिचय जोडेर फरक परिचय स्थापित गर्न र सुरक्षित बन्न चाहन्छ तर आफूलाई परेको अवस्थामा ऊ फेरि परिस्थितिसँग एक्लो नै भएर जुभिरहेको हुन्छ । पहिचान र परिचयका लागि मानिसले खोजेको आश्रय र त्यो आश्रयसँगको एकत्व तथा दूरी दुवैको अवस्थाले मानिस जीवनमा सधैँ द्वन्द्वरत हुन्छ । मानिसको मनभित्रको यही सङ्कटलाई यहाँ परिकल्पना पद्धतिबाट बुझाइएको छ ।

गोविन्द गोठालेका कथामा पात्रहरूको द्वन्द्वरत मनस्थितिमा उत्पन्न अपरिचयको सङ्कट पाइन्छ । यस अध्ययनमा सामाजिक अवस्थाका अनेक कारण र आफ्नै मनस्थितिले परिचयको यही दोहोरो द्वन्द्वमा परेका पात्रको अवस्था र तिनले कथामा सिर्जना गरेको कौतूकमय अवस्थालाई विश्लेषण गरिएको छ । यसको विश्लेषणका लागि गोठालेका कथाका पात्रमा अनेक सामाजिक घटना र प्रभावले अपरिचयको स्थितिमा परेका पात्रको मनस्थितिको विश्लेषण गरिएको छ ।

## गोठालेका कथामा प्रयुक्त परिकल्पना पद्धतिको विश्लेषण

लकानेली परिकल्पना पद्धति आख्यान अध्ययनका दृष्टिले पनि उपयोगी छ । फ्रायडको अध्ययन पद्धतिलाई भाषिक अभ्याससँग जोड्ने क्रममा उनले आख्यानका क्रमहरू कसरी सङ्केतक र सङ्केतित पद्धतिसँग परस्पर सम्बद्ध हुन्छन् भन्ने कुरा देखाएका छन् (आल्कोर्न, सन् २००८, पृ. ४७०) । आल्कोर्न (२००८, पृ. ४७०) का अनुसार यस्ता सूचना दृष्टिबिन्दु र कथानकका माध्यमबाट बढी मात्रामा प्राप्त हुन्छन् । डोबी (सन् २०१२, पृ. ६९) ले चरित्र अध्ययनको परम्परागत पद्धतिलाई लकाँले अस्वीकार गरेको कुरा बताउँदै आल्कोर्नकै भनाइलाई समर्थन गरेका छन् । आख्यानले मनोवैज्ञानिक रूपमा आख्यानात्मक क्रमका एकाइ र पूर्णतालाई प्रस्तुत गर्ने हुँदा चरित्रको माध्यमबाट मात्रै उपन्यासको परिकल्पनात्मक अध्ययन हुन नसक्ने तर्क डोबीको छ । साहित्यको विश्लेषणमा भाषिक अध्ययनको भूमिका हुने कुरामा उनको जोड रहेको छ र आख्यानका पात्रका साथै दृष्टिबिन्दु र कथानकलाई पनि भाषिक प्रस्तुतिका आधारमा अध्ययन गर्नुपर्ने कुरामा लकाँको जोड रहेको छ भन्ने डोबीको भनाइ छ । उनका अनुसार अवचेतन भाषा जस्तै हुन्छ भने साहित्यलाई पनि अवचेतनकै समान पढ्न सकिने हुन्छ (नारंग, सन् २०००, पृ. १५२) । साहित्य पठनको भाषावादी पद्धति नै लकाँको कृति विश्लेषणको आधार हो । लकाँको परिकल्पना पद्धतिका आधारमा गोठालेका कथाको अध्ययनमा पात्रहरूका माध्यमबाट पनि यो प्रष्ट भएको छ । उनका कथामा परिकल्पना पद्धतिको प्रयोग भएको छ । उनका 'त्यो क्रान्तिको प्रतीक' कथाको अणुशमशेर, 'म जुजुमान' कथाको जुजुमान, 'चुनाव' कथाकी बाबानानी, 'दुई बूढा' कथाका रौनकमान र निरञ्जन र 'कृष्णमैयाँ' कथाकी कृष्णमैयाँमा भेटिने परिचयको सङ्कटमा परिकल्पना पद्धतिको प्रयोग पाइन्छ । यस कुराको पुष्टि गर्नका निम्ति परिकल्पना पद्धतिको एकत्व र दूरीको अनुभव, 'आफू को हुँ' भन्ने सङ्कटबोध, द्वन्द्वग्रस्त अस्तित्वको सङ्कटबोध, सफलता र असफलताको अन्त्यहीन यात्रा र परिचयको दुविधा र व्यक्तित्व परिचयको सङ्कट जस्ता मान्यताका आधारमा गोठाले कथाको विश्लेषण गरिएको छ ।

## एकत्व र दूरीको अनुभव

गोठालेको 'त्यो क्रान्तिको प्रतीक' कथामा 'म' पात्र अर्थात् अणु शमशेर पात्रमा एकत्व र दूरीको अनुभवले कथालाई रोचक बनाएको छ । अणु शमशेर राणाकालीन वैभवलाई प्रतिनिधित्व गर्ने शासक पात्रका रूपमा प्रस्तुत भएको छ । साधारण जनताको हैसियतमा रहेको सानैदेखिको साथी कृष्णमानलाई अणु शमशेरले सधैँ हेपाहा व्यवहार गर्ने गरेको छ ।  ऊ सधैँ कृष्णमानप्रति ईर्ष्यालु देखिन्छ । अणु शमशेर आफूलाई उच्च दर्जा र हैकमवादी तहमा राखेर कृष्णमानलाई दबाउन खोजे पनि २००७ सालको परिवर्तनबाट जनतामा स्वतन्त्रता र खुसीको बहाली भएपछि अणु शमशेरलाई आफ्नो राणाकालीन वैभव र ऐश्वर्यप्रति एकप्रकारको घृणा र असन्तुष्टि प्रकट भएको देखिन्छ । सधैँ कृष्णमानलाई होच्याएर, दबाएर र पीडा दिएर आनन्दित हुन मन पराउने अणु शमशेर कृष्णमान जस्ताको जीत र उसको स्वतन्त्रता र प्रजातन्त्रप्रतिको एकनिष्ट आस्थाका कारण ऊ नै मानवतावादी हुन पुगेकोमा एक प्रकारले उसको जीतमा सुखी हुन पनि खोजेको छ अर्थात् अणु शमशेरलाई कृष्णमानको परिचयप्रति मोह जागेको छ । अणु शमशेरले आफूलाई राणावादी र सत्तासीन तथा हैकमवादी पात्रका रूपमा देखाउँदा देखाउँदै पनि आफूमा रहेको सो परिचयप्रति उसमा असन्तुष्टि देखिन्छ । यहाँ अणु शमशेर 'आफू को हुँ' भन्नेमा नै द्वन्द्वरत रहेको छ । आफूलाई उच्च वर्गको सभ्य र शिष्ट तहको मान्दा पनि नेपालको शासन प्रणालीले उसलाई तानशाहको बिल्ला भिराएको र जनताको तहको हुँ भन्नका लागि पनि सधैँ कृष्णमान जस्ता व्यक्तिलाई दमन र शोषणमा राख्ने गरेको तथ्यले उसको मनमा दुवैतिरको परिचयमा नकारात्मकता पैदा भएको छ । आफूलाई सत्ताधारी राणा शासकका रूपमा चिनाउन पनि उसको अन्तर मनले स्वीकार नगरेको देखिन्छ भने अर्कातिर जनताको शत्रुका रूपमा उभिएर पनि कृष्णमान जस्ताको जितमा ऊ भित्रभित्रै रमाएको देखिन्छ : "हाम्रो वर्ग अथवा परिवारको पहाडजस्तो शक्ति एक न एक दिन चूरचूर हुनेछ र हाम्रो चहकमहकमा प्रेत नाच्नेछ" (गोठाले, २०५२, पृ. ३८) । अणु शमशेरको यस आत्मालोचनाले आफ्नै पारिवारिक वैभव र परिचयलाई स्वीकार गरेको छैन । आफूलाई उसले राणाको सत्ताधारी परिवारको उच्चतामा राख्न नचाहनु उसको अभिव्यक्तिमा प्रस्तुत भएको नकारात्मक धारणाबाट बुझिन्छ । उसले आफ्नो राणाकालीन पारिवारिक शक्तिलाई 'पहाडजस्तो' कठोर ठान्नु र त्यसको नकारात्मक असफलतालाई 'प्रेत नाच्नु' ले सङ्केत गरेको छ । यस अभिव्यक्तिबाट स्पष्ट हुन्छ, अणु शमशेर आफ्नै परिचयसँग सन्तुष्ट छैन । ऊ प्रत्यक्षतः कृष्णमानको क्रान्तिकारिता, विद्रोही भावना र आत्मविश्वासको विरोध गरे पनि उसका ती गुणप्रति नतमस्तक छ । अणु शमशेरको अन्तरमनले कृष्णमानको परिचयलाई प्रशंसा गर्छ तर उसकै अगाडि खुलेर प्रशंसा गर्न पनि सक्दैन । अणु शमशेरलाई आफ्नो परिचयको वैभवमा कताकता घृणा र कृष्णमानको परिचयप्रति मोह रहेको देखिन्छ (काफ्ले, २०७३, पृ. २३४) ।

उसले आफूलाई आफ्नो परिचयमा पूर्ण रूपमा नकार्न पनि सक्दैन न कृष्णमानको वर्गप्रति समर्पित हुन सक्छ : "त्यो घिनलाग्दो लडका, जसलाई म दुईखुट्टे मानिस मात्र सम्झन्थेँ, यदि यो आज भेट भयो भने म त्यसको अघिल्तिर हात जोडेर गिडगिडाउने थिएँ...." (गोठाले, २०५२, पृ. ३९) । अणु शमशेर आफ्नो शान, शौकत र वैभवको परिचयलाई स्वीकार गर्न पनि नसक्नु अनि कृष्णमानको दर्जामा पुगेर आफूलाई उभ्याउन पनि नसक्नुको परिकल्पनात्मक द्वन्द्वमा परेको छ । अणु शमशेरको यो अवस्थालाई लकाँको ऐना प्रकरणको चिन्तनगत पक्षका रूपमा विश्लेषण गर्न सकिन्छ ।

जसरी शिशुले ऐनामा देखिएको आफ्नै प्रतिविम्ब तथा आफ्नो शरीर बिचको बेमेलमा पीडादायक अनुभूति गर्छ त्यसरी नै अणु शमशेरले शान, शौकत र वैभवसँग जोडिएको आफ्नो पुरानो परिचयसँग बेमेल महसुस गर्छ । बदलिएको राजनीतिक परिस्थितिमा आफूलाई मानवतावादी व्यक्तित्वका रूपमा प्रस्तुत गर्ने चाहना अनुरूप पहिले आफैले दमन गरेको कृष्णमानसँग एकत्व स्थापित गर्न चाहन्छ । अर्को शब्दमा भन्दा उसको परिकल्पनात्मक ऐनाभित्र अब उसले आफ्नो सट्टा कृष्णमानको छविलाई देख्न खोज्छ तर जसरी शिशुको जैविक शरीर तथा ऐनामा देखिएको छविका बिचमा बेमेल हुन्छ, त्यसरी नै अणु शमशेर र कृष्णमानका परिचयहरू बिच एकत्व हुन सक्दैन । यसरी बुझ्दा न अणु शमशेरले आफ्नो पुरानो सामन्ती परिचयसँग एकत्व महसुस गर्न सक्छ न कृष्णमानको नयाँ प्रजातान्त्रिक वा साधारण जनताको परिचयसँग । त्यसैले उसले ऐना प्रकरणबाट सुरु भएर जीवनभर चलिरहने परिकल्पना पद्धतिको साङ्केतिक ऐनाभित्र सधैँ पीडादायक बेमेलको अनुभूति गर्छ ।

अणु शमशेर कथाभरि बारम्बार आफ्नो परिचय खोजिरहन्छ तर भेट्दैन, जे भेट्छ, त्यसमा सन्तुष्ट हुँदैन । बालसखा कृष्णमानको परिचयसँग मोह राख्छ तर उसको पूर्वव्यवहार र घृणाले उसको सामीप्यमा पुग्न रोक्छ । अणु शमशेर कथाभरि नै आफ्नो परिचयको काल्पनिकीमा द्वन्द्वग्रस्त छ : "एकछिन पछि मायालु स्वरमा उनले मलाई सोधे - "तिम्रो नाम के ?" मैले नसरमाईकन भनेँ - "अणु शमशेर" (गोठाले, २०५२, पृ. ५१) । परिचयको सङ्कटमा परेको अणु शमशेर आफ्नो बाल्यकालीन समयलाई सम्झिन्छ जतिबेला उसले आफ्नो नामलाई अर्थात् राणाकालीन परिचयलाई निकै गर्वका साथ लिने गर्दथ्यो तर परिवर्तित समयले राणाकालीन भव्यताको अन्त्यपछि आफ्नै परिचय गुमेको निरीहतामा ऊ बाँचिरहेको छ । उसको पूर्व परिचय समयको परिवर्तनले भत्काउँदै लगेको छ । राणाकालीन दमन र शोषणको पदले कमाएको उसको आफ्नै परिचयप्रति उसको विश्वास उड्दै गएको छ । कथाले सङ्क्रमणकालीन राजनीतिक समयको पात्र अणु शमशेरका माध्यमबाट शक्ति र दम्भको परिचयलाई कसरी राजनीतिक परिवर्तनपछि तत्कालीन पात्रहरूले गुमाउँदै गए र आफ्नै परिचयको सङ्कटमा पर्न थाले भन्ने विषयलाई छर्लङ्ग पारेको छ । कथामा अणु

शमशेर म यो हुँ या त्यो हुँ को भ्रमपूर्ण स्थितिबाट उसमा विरानोपन (एलियनेटेड)को स्थितिमा पुगेको छ । उसले आफ्नो उच्च वर्गीय परिचय र कृष्णमानको स्वाभिमानी नेपालीको परिचयमा एकै पल्ट एकत्व र दूरीको अनुभव गरिरहेको देखिन्छ ।

## 'आफू को हुँ' भन्ने सङ्कटबोध

गोठालेको 'म जुजुमान' कथामा 'आफू को हुँ' भन्ने सङ्कटबोधको स्थिति पाइन्छ । परिकल्पना पद्धतिमा मेल खाने गरी आफ्नो परिचय र स्थितिमा द्वन्द्व सिर्जना भएको यस कथाको पात्र हो जुजुमान । 'म जुजुमान' कथाको जुजुमानले आफूलाई निम्नमध्यम वर्गीय चरित्रका रूपमा कथामा परिचित गराए पनि आफू त्यही सामान्य वर्गको मानिस हुँ भनी बारम्बार आत्मस्वीकारोक्ति प्रकट गरे पनि ऊ पनि आफ्नै परिचयको सङ्कटमा परेको छ । उसले आफ्नो र साढुभाइको वर्गीय परिचयमा एकत्व र दूरी सँगसँगै अनुभव गरेको छ । समाजको वर्गीय र तहगत संरचनाले जुजुमानलाई आफ्नो साढुभाइ र उसका तहका मान्छेभन्दा तल्लो वर्गमा पारेर हीन भावना मात्रै उत्पन्न गराएको छैन, उसले आफ्नै परिचयात्मक अस्तित्वलाई सङ्कटमा पारेको छ । ऊ बारम्बार आफ्ना पुराना, खुम्चेका लुगा हेर्दै जे लगाए पनि म जुजुमान भन्ने अभिव्यक्ति त दिन्छ तर त्यसमा ऊ ढुक्क र विश्वस्त बन्न सक्दैन । ऊ आफ्नै तहको निम्नमध्यम वर्गीय परिचयमा रमाउन सकेको देखिन्न । साढुभाइको भोजमा गएर न ऊ माथिल्लो वर्गका भनिएका मान्छेसँग रमाएर सँगै भोज खान सक्छ न आफ्नै तहका भनिएका ड्राइभर र कामदार पाहुनासँग मिसिएर रमाउन सक्छ । परिचयको द्वन्द्वले गर्दा नै ऊ नखाईकनै भोजस्थलबाट बाहिरिन्छ । जुजुमानले आफूलाई कुनै पनि परिचयमा राख्न नसक्नुले उसको यस अवस्थालाई ऐना प्रकरणको परिकल्पना पद्धतिसँग व्याख्या गर्न सकिन्छ । जुजुमानलाई आफू 'को हुँ' को द्वन्द्व छ भन्ने कुराको प्रमाण कथाको अन्त्यमा उसले गरेको बाल्यकालीन सम्झनाका घटनाले पनि पुष्टि गर्छ । उसले आफूलाई माथिल्लो वर्गकासँग पुऱ्याउन कथाको अन्त्यमा सानोमा आफूले बाबुलाई छलेर पैसा चोरी बाह्रामासा खेल्न हिँडेको, गाउँबाट दाउरा बेच्न आएकालाई 'कुजात' भनी गाली गरेकोबाट पनि प्रमाणित हुन्छ । जुजुमान न आफ्नो निम्नमध्यम वर्गीय परिचयमा सन्तुष्ट छ न आफुलाई उच्च वर्गको हुँ भनाउन चाहन्छ । यस कथामा जुजुमान लगभग आफ्नो परिचय गुमाएको अवस्थामा उभिएको छ । कथाको अन्त्यमा जुजुमान आफ्नै आमाको गर्भमा हराउन चाहेझैँ अर्धचेतन अवस्थामा पुगेको छ । केही नखाई भोजबाट फर्केको जुजुमानले न त घरमा गएर खान सकेको छ न त आफूलाई भोक लागेको कुरा प्रकट गर्न सकेको छ बरु उल्टै मरेकी आमालाई सम्झेर आत्मग्लानिमा भुलेको छ : "आमा, म यहाँ छु । मलाई कोहीसँग पनि रिसराग छैन । तर मलाई यस्तो होला भन्ने केही पनि थाहा थिएन, केही थाहा थिएन" (गोठाले, २०५२, पृ. १७२) । आफ्नो परिचय गुमाएको अवस्थामा जुजुमान मृतआमा सम्झेर अस्तित्वहीनझैँ भएको छ । जुजुमानको यो अवस्था लोहम्लेटको

अवस्थासँग पनि तुलनीय देखिन्छ । यस कथाको सुरुमा ऊ आफूलाई जस्तो खानपान र जीवन शैलीको भए पनि जुजुमान भएकोमा गर्व गर्छ । प्रस्तुत कथाको घटनाक्रम अघि बढ्दै जाँदा ऊ परिचयको सङ्कटमा फस्दै गएको छ र अन्त्यमा पुग्दा ऊ परिचयहीनभैँ बनेको छ । उसले आफूलाई सङ्टग्रस्त अवस्थामा पाएको छ । उसमा साढुभाइको तहमा पुग्ने मोह जागेको छ । साढुभाइको वर्गमा पुग्न नसक्नु र आफ्नै वर्गीय परिचयमा पनि नरमाउनुले जुजुमान भ्रमपूर्ण अवस्थामा परेको छ । आफू को हुँ को सङ्कटमा परेको जुजुमान यस कथाको अन्त्यमा पुग्दा स्वको परिचयमा कत्ति पनि आनन्दित हुन सकेको छैन ।

## द्वन्द्वग्रस्त अस्तित्वको सङ्कटबोध

गोठालेका कथामा द्वन्द्वग्रस्त अस्तित्वको सङ्कटबोध पाइन्छ । 'चुनाव' कथाकी बाबानानी पात्र पनि परिचयको सङ्कटमा परेकी छ । उसले आफ्नो पति नगरपालिकाको चुनावमा उम्मेदवार खडा भएकोमा खुसी नै भए पनि आफ्नो पति राजनीतिमा लागेर पैसा कमाउन नसकेकोमा दुःखी छे । त्यसैले पतिलाई चुनावमा भोट हालेर जिताउने बाहिरी मनसाय राखे पनि भोट दिन गएर भोट नै खसाल्न बिर्सिने बाबानानी आफ्नै परिचयको द्वन्द्वमा परेकी देखिन्छे । पतिलाई सहयोग गर्न चुनावमा सहभागी पनि हुने अनि भोट खसाल्न पनि भुल्ने उसको व्यवहारबाट पतिसँग जोडिएको उसको पारिवारिक परिचय सङ्कटमा परेको छ । आर्थिक सङ्कटका कारणले बाबाननीले आफ्नो व्यावहारिकताको परिचय गुमाउन पुगेकी देखिन्छे । ऊ एकातिर आर्थिक सङ्कटमै भए पनि समाजसेवी पतिको पक्षमा रहेर आफ्नो परिवारको परिचय बनाउन चाहन्छे भने अर्कातिर त्यही अभावमा आफ्नो अस्तित्व हराएको बोध गर्छे : "मैलो थैलो, भुत्रिन लागेको सुरुवाल र पतिमा अजिब सामञ्जस्यको अनुभव गरेर धेरै बेरसम्म ऊ मुस्कुराइरही । यो सुरुवालले देशसेवी पतिको खुटट्मा शोभा दिन्छ, र अहिले यो मानो पतिभैँ हाँसेर भनिरहेछ - 'यो खर्चको हाहा केही पनि होइन" (गोठाले, २०५२, पृ. १) । बाबानानीको यस सोचाइमा ऊ पतिको समर्थन या विरोधको द्वन्द्वमा परेको बुझिन्छ । बाबानानीले एकातिर देवर र देउरानीको सम्पन्नताप्रति ईर्ष्या गर्छे भने अर्कातिर देशको विकासका लागि पतिको आदर्शलाई भोट दिएर जिताउने अभियानमा जुट्छे । बाबानानीलाई आर्थिक सङ्कटले परिचयको सङ्कटमा पारेको छ । पतिको साथ दिएर आफ्नो जीवनको सार्थकता खोज्नु वा त्यसको विरोधमा आफूलाई चिनाउनुमा कतै पनि उसले सफलता पाएकी छैन, उसको मनोदशा भ्रमपूर्ण र असङ्गत बन्न पुगेको छ । यसको सङ्त गर्दै कथाकार लेख्छन्, "...बाबानानीलाई तीव्र इच्छा भयो कि पतिसित टाँसिएर बसूँ र उसको कपाल सम्सुम्याइदिऊँ । तर छड्किरहेको भात छोडेर आएको माड झिकेन भने भात गिलो हुन्छ । तैपनि एकछिन ढोकैमा उभिरही र भनी - 'चाँडै धुनोस् मुख् । 'यसरी चिन्तन नगर्नुहोस्' यो वाक्य मुखमा आउँदा आउँदै रोकियो - उसले भन्न

सकिन । तर एकछिनपछि लोलाएको आँखाले हेरेर भनी, "हेर्नुहोस्, बाहिर नजानोस् है भात पाकिसक्यो" (गोठाले, २०५२, पृ. २०) ।

बाबानानी पतिको इच्छासँग आफ्नो परिचयको अस्तित्व जोड्न पनि चाहन्छे तर घरव्यवहारको इच्छा र बाध्यताले त्यसबाट टाढा भएर पतिको विरोध गरी पैसा कमाउने पेसा अपनाउने दबाब पनि दिन्छे । ऊ एकातिर पतिलाई चुनावमा जिताउन भोट हाल्न जान्छे तर अर्कोतिर भोट नखसालीकनै फर्किन्छे, अर्थात् भोट खसाल्न बिर्सिन्छे । एकातिर पतिको सफलता चाहने अर्कातिर त्यसैमा अवरोध सिर्जना गर्ने द्वन्द्वग्रस्त अस्तित्व सङ्कट उसमा उत्पन्न भएको छ । कथामा बाबानानीलाई पतिलाई सफल बनाएर उसको अर्धाङ्गिनीका रूपमा परिचित हुन मन पनि छ भने अर्कातिर चुनावमा हराएर पतिको पेसा परिवर्तन गराउने चाहना पनि छ । बाबानानी पनि एकै पल्ट पतिसँगको सम्बन्धको परिचयमा एकत्व र दूरीको अनुभव गरी आफ्नै परिचयको सङ्कटमा परेकी पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म नै बाबानानी आफ्नो पतिप्रति इमानदार जीवनसँगिनीको भूमिकामा साथ दिन खोजेको देखिन्छ र पतिको इच्छाअनुसार अघि बढ्न खोजेको पनि देखिन्छ तर पतिको इच्छाअनुसार चल्दा परिवारको आर्थिक सङ्कट बिग्रँदै गएकोमा बाबानानीलाई चिन्ता परेको छ । उसमा पतिको राजनीतिक पेसाप्रति आकर्षण र असन्तुष्टि दुवै एकैपल्ट उत्पन्न भएर विचारको बेमेलमा पुगेर असन्तुलित भएकी छ । बाबानानीको द्वन्द्वग्रस्त मनस्थितिलाई सामाजिक प्रभाव र घटनाका कारण मानिसको जीवनभर चलिरने द्वन्द्वमय परिकल्पना पद्धतिबाट पुष्टि गर्न सकिन्छ । ऊ पतिको राजनीतिक पेसाको परिचयसँग सन्तुष्ट हुन खोजे पनि पारिवारिक आर्थिक समस्याका कारण असन्तुष्ट बनिरहन्छे । आर्थिक अभावको जीवनसँगको एक्लो लडाइँले बाबानानीलाई पतिको नेता व्यक्तित्वको परिचय र साथमा बेमेल पैदा गरेको छ । त्यसैका कारण ऊ चुनावमा पतिलाई भोट खसाल्न गएर पनि बाकसमा भोट हाल्नै बिर्सिएर फर्किएकी छ । यसरी बाबानानीमा द्वन्द्वग्रस्त अस्तित्वको सङ्कटबोध पाइन्छ ।

## सफलता र असफलताको अन्त्यहीन यात्रा र परिचयको दुविधा

गोठालेका कथामा सफलता र असफलताको अन्त्यहीन यात्रा र परिचयको दुविधाको स्थितिमा रहेका पात्र छन् । 'दुई बूढा' कथाका रौनकमान र निरञ्जन एक अर्काको सफलता र असफलतामा प्रतिस्पर्धात्मक परिचय स्थापना गर्न तल्लीन छन् । रौनकमान अमेरिकामा छोराको पढाइ, कमाइ र सफलतालाई ठूलो ठान्दै बयान गरे पनि निरञ्जनको सन्तानको व्यापार व्यवसायप्रतिको सफलता र कमाइप्रति ईर्ष्यालु बनेको छ । उतातिर निरञ्जन आफ्ना सन्तानको बढ्दो व्यापार सफलतालाई भव्य र सफल मान्दा मान्दै पनि रौनकमानको छोराको अमेरिकी डिग्री, वैदेशिक रोजगारीबाट भएको डलरको कमाइ र उसको रोजगारीको प्रतिष्ठालाई ठूलो मानिरहेको छ । यी दुई बूढाले एकातिर आफ्नै

सन्तानका सफलतामा आफ्नो अस्तित्व र परिचयमा रमाउन खोजे पनि पुनः एक अर्काका व्यक्तिगत सफलता तथा सन्तानको सफलतालाई ठूलो ठानेर आफ्नो प्राप्तिलाई कमजोर र तुच्छ सम्झिन पुगेका छन् । बूढाहरू दुवै स्थितिमा सन्तुष्ट र आनन्दित नभएको देखिन्छ । त्यसै गरी उनीहरूलाई सन्तानहरूले बुढेसकालमा गर्ने गरेका अपमानजनक व्यवहार र बेवास्तामा पनि आआफ्नै असफलता र असन्तुष्टि चर्को मान्ने गरेको र आफूलाई कुनै पनि स्थितिमा सुखी र सन्तुष्टबाट वञ्चित भई आफ्नै परिचयको सङ्कटमा परेको देखाएका छन् । उनीहरू दुवैमा सफलतामा पनि सङ्कट देखिन्छ भने असफलतामा पनि सङ्कट नै देखिन्छ । साथीको भन्दा आफ्नो सन्तानको ठूलो सफलता देखाउन चाहेर पनि त्यसमा सुखी हुन नसकेका बूढाहरू आफ्नो जीवनको उत्तरार्द्धको दुःख पनि साथीको भन्दा आफ्नै चर्को भएको देखाउन उद्यत छन् । यहाँ दुई बूढाहरू जीवनभर नै परिचयको सङ्कटमा परेका छन् । सँगै पढेर आआफ्नो पेसा र व्यवसाय अँगाल्दा पनि उनीहरू दुवै आफ्नोभन्दा साथीकै पेसा र नोकरीप्रति आकर्षित भएको देखिन्छ भने बुढेसकालमा पनि सन्तानका सफलतामा आआफ्नोमा सन्तुष्ट हुन नसकेको देखिन्छ । आफ्नो जीवनको सफलता र असफलताको बिन्दुको अन्तहीन यात्रा र परिचय भएका यी दुवै पात्रहरूमा आफू को हुँ या के होइनको दुविधा जीवनभर कायम रहेको देखिन्छ । यी दुई बूढाको जीवनको मनोदशा भ्रमपूर्ण र असङ्गत देखिन्छ । दुवै बूढा एक अर्काप्रतिको सफलतामा तथा असफलतामा एकै पल्ट एकत्व र दूरीको अनुभव गरिरहेका छन् । "निरञ्जनले कुरा बुझेर पनि नबुझेको स्वाङ गऱ्यो र सरासर हिँड्न खोज्यो । तर रौनकमान टक्क अडेको थियो र फेरि बोल्न खोजिरहेको थियो..." (गोठाले, २०६१, पृ. १७) । यस स्थितिमा हेर्दा रौनकमान र निरञ्जन दुवैमा कुनै पनि अवस्थासँग सन्तुष्ट बन्न नसकेको द्वन्द्वग्रस्त मनस्थिति रहेको छ । कथाका दुवै पात्र आफ्नो जीवनका कुनै पनि परिचयसँग सन्तुष्ट नहुनु वा आकर्षित भएजस्तो देखिएर पनि पुनः विकर्षित नै रहने अवस्थालाई लकानेली परिकल्पना पद्धतिको लोहम्लोटसँग तुलना गरी बुझ्न सकिन्छ । 'दुई बूढा' कथाका यी दुवै पात्रहरू पनि लकानेली ऐना प्रकरणबाट सुरु भई जीवनभर चलिरहने परिकल्पना पद्धतिका साङ्केतिक ऐनाभित्र पीडादायक बेमेलको अनुभूति गरिरहका जस्तै देखिन्छन् । उनीहरू दुवै मित्रताको सुरुवाती समयदेखि नै एकअर्काको सफलता र सम्पन्नतामा आकर्षित र पीडित हुँदै जीवनको पछिल्लो समयमा आफ्ना सन्तानको सफलता र सम्पन्नतामा भन्दा अर्काको सन्तानको सफलता र सम्पन्नतामा आकर्षित र पीडित हुने क्रमको निरन्तरता पाइन्छ । यी दुई पात्रको यस्तो अवस्थाले लकानको जीवनभर चलिरहने द्वन्द्वमय परिकल्पना पद्धतिलाई प्रष्ट पारेको छ ।

## व्यक्तित्व परिचयको सङ्कट

गोठालेको 'कृष्णमैया' कथाकी कृष्णमैयामा व्यक्तित्व परिचयको सङ्कट छ । ऊ आफ्नो स्वतन्त्र अस्तित्वका लागि रुढिग्रस्त र पितृसतात्मक समाजसँग जुनसुकै अवस्थामा

लडेर स्वाभिमानी जीवनको परिचय स्थापित गर्न चाहन्छे। ऊ जस्तोसुकै अप्ठ्यारो स्थितिको पनि सामना गर्न पछाडि पर्दिन । घरमै आएर आफ्नो बुबाका साथी गोपालभक्तले अनेक रूपमा जिस्क्याउँदा होस् या बाटामा केटाहरूले जिस्क्याएर एक प्रकारको लैङ्गिक हिंसा गर्दा होस् ऊ भौतिक तथा बौद्धिक सबै तरिकाले प्रतिकार गर्न तत्पर रहन्छे । उसले आफ्नो स्वपरिचय स्थापना यस कथाको अधिकांश भागमा गरेकी छ तर कतिपय अवस्थामा समाजको लैङ्गिक विभेदको अति चर्को अवस्थाले कृष्णमैयाको विश्वासमा समेत सङ्कट उत्पन्न गरिदिएको छ : "कृष्णमैया एकदम चिच्याएर बोल्न खोजी, तर अहिले झन् बकै फुटेन । गोपालभक्त हाँस्न लाग्यो । कृष्णमैया टोलाएर वाल्ल परेर हेरिरही गोपालभक्तको मुख । एक छिनपछि ऊ भित्रभित्रै रिसाएझैँ गरी कोठाबाट बाहिर निस्की" (गोठाले, २०५२, पृ. १२०) । गोपालभक्तले कृष्णमैयालाई नारी भएकै कारण कमजोर र निरीह पात्रका रूपमा प्रमाणित गर्न खोजिरहँदा कृष्णमैयाले त्यसको कडा बौद्धिक प्रतिकार गर्छे तर बाटोमा 'तिम्रो पोइ घरमा छ' भनेर सोधेको मान्छेलाई आफ्नो अपमान सम्झेर जुत्ताले पिटेर आए पनि ऊ गोपालभक्तको अघिल्तिर चाहिँ त्यो मान्छेले आफूलाई त्यस्तो भन्न नहुने भनेर रुन्चे स्वरमा सुनाउनुले उसले आफ्नो स्वाभिमानी परिचयको सङ्कट देखाएकी छ। ऊ कताकता गोपालभक्तसँग आसक्तझैँ पनि देखिन्छे। कृष्णमैयाले गोपालभक्तका रुढिवादी विचारधारा र उसको जीवन शैलीलाई विरोध गर्दै आफूप्रतिको उसको हेपाइलाई प्रतिकार गरे पनि कतै कतै आफ्नो अक्षमता प्रकट गर्नुले आफ्नो स्वको परिचयलाई द्वन्द्वमा राखेकी छ। कृष्णमैया कतै कतै आफ्नै परिचयमा भ्रमपूर्ण बन्न पुगेकी छ । कृष्णमैयाले आफूलाई स्वाभिमानी हुँ भन्दाभन्दै पनि पटक पटक कमजोर अनुभूति गर्नुले उसमा अस्तित्वबोधी आत्म परिचयमा एकै पल्ट विश्वास र अविश्वास दुवै देखिन्छ। यस कथाकी कृष्णमैया आफूलाई स्वाभिमानी चरित्रका रूपमा स्थापित गर्न चाहँदा चाहँदै पनि गोपालभक्तको अगाडि कमजोर र अशक्त जस्तो देखिनुबाट आफ्नो पहिचानलाई प्रस्ट पार्न नसकेको अवस्थामा रहेको बोध गराउँछ। कृष्णमैयाको यस्तो द्वन्द्वमय मनस्थिति पनि परिचयको द्वन्द्वमा रहने लकानेली परिकल्पना पद्धतिसँग मेल खान्छ। कृष्णमैयाको स्वाभिमानी व्यक्तित्व कहिले प्रस्ट हुनु र कहिले गुम्नुले ऊ आफ्नै परिचयको सङ्कटमा देखिएकी छ।

## निष्कर्ष

मनोविश्लेषणात्मक सिद्धान्तको एउटा महत्त्वपूर्ण धारा लकानेली मनोविश्लेषण हो । लकाँको चेतन/अचेतनको धारणा फ्रायडेली मान्यतामा आधारित हुँदाहुँदै पनि लकाँले व्यक्तिगत मनोविज्ञानलाई यौनसँग मात्र नजोडी भाषागत संरचना तथा त्यस परको सामाजिक संरचनासँग जोडेर हेरेका छन् । मनोविश्लेषणमा आधारित आख्यानका चरित्रहरूलाई लकाँको यस दृष्टिकोणलाई आधार बनाएर हेर्न सकिन्छ। गोविन्द गोठालेका

कथा पनि लकानेली परिकल्पना पद्धतिका प्रयोगका दृष्टिले अध्ययनीय रहेका छन् र यस दृष्टिले सबल पनि छन् । उनका माथि विश्लेषित पाँचओटा कथाका पात्रहरूमा परिकल्पना पद्धतिको प्रयोगले गर्दा तिनका चरित्र विशिष्ट बन्न पुगेका छन् । 'त्यो क्रान्तिको प्रतीक' कथाको अणुशमशेरको चरित्रले प्रजातन्त्रको उदयको सङ्क्रमणकालीन अवस्थालाई रोचक रूपमा चिनाउन सफल भएको छ । राणाकालीन परिचयसँग मोह भएर पनि बाँच्न नसक्ने र परिवर्तित सामाजिक व्यवस्थासँग आकर्षित भएर पनि मिल्न नसक्ने राणाको चरित्रलाई अणुशमशेरले देखाएको छ । त्यसैगरी 'म जुजुमान' कथाको जुजुमान आफूलाई निम्न वर्गको सामान्य व्यक्तिका रूपमा समाजमा स्थापित गर्न त खोज्छ तर परिवर्तित जीवनशैलीप्रति पनि मोह राख्दै आफ्नो परिचयमा द्वन्द्वरत रहन्छ । 'चुनाव' कथाकी बाबानानीले पतिलाई भोट दिन गएर पनि भोट नदिई फर्किने मनस्थितिलाई हेर्दा ऊ पतिसँग आत्मीयता र दूरी दुवैको भावमा देखिएकी छ । 'दुई बूढा' कथाका रौनकमान र निरञ्जनमान दुवै पात्र सन्तानको सफलतालाई ठूलो ठान्दाठान्दै पनि बेखुसी छन् । बाहिर प्रशंसा गरे पनि अन्तरमा दुवैको मन दुःखी रहेको छ । 'कृष्णमैया' कथाकी कृष्णमैयाले आफ्नो जुझारू व्यक्तित्व र सोचलाई कायम गर्न नसक्दा भित्रभित्र हार मानेको देखिन्छ । उसमा हार र जित दुवैको भावबाट उसको व्यक्तित्व अस्पष्ट र अलमलमा परेको देखिन्छ । यी सबै पात्रमा देखिएको द्वैध चरित्रको कारण समाजको अवस्था नै हो तर पात्रहरूमा यथार्थवादी जीवनबोध छैन बरु उनीहरू मनोगत ढङ्गले आफू र आफूसम्बद्ध जीवनयथार्थलाई हेर्छन् र मनोद्वन्द्वमा रुमलिन्छन् । यो द्वन्द्व, अलमल र परिचयको अस्पष्टता लकानेली मनोविश्लेषणमा व्याख्या गरिएको परिकल्पना-पद्धतिका अनुकूल छ र यसबाट गोठालेका कथामा परिकल्पना-पद्धतिको सशक्त प्रयोग भएको छ भन्ने पुष्टि हुन्छ । यस्तो प्रयोगले उनका कथाका चरित्र विशिष्ट बन्न पुगेका र कथानकमा कुतूहलता थपिन पुगेको छ । परिकल्पना-पद्धतिको प्रयोगले चरित्रगत विशिष्टतामार्फत गोठालेका कथाहरू जीवन्त बन्न पुगेका छन् भने तिनले खास युगलाई चिनाउन पनि सकेका छन् । यसरी हेर्दा गोविन्द गोठालेका मनोविश्लेषणात्मक कथाहरूमा लकानेली परिकल्पना-पद्धतिका प्रवृत्तिहरू स्पष्ट रूपमा देखापर्दछन् भन्ने निष्कर्ष पनि निस्किन्छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव. (२०६९). *सिद्धान्तका कुरा.* चौथो संस्करण. काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

काफ्ले, रजनी. (२०७३). *गोविन्द गोठालेका कथामा मनोविश्लेषण.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

'गोठाले', गोविन्दबहादुर मल्ल. (२०५२). कृष्णमैया. *कथैकथा.* छैटौँ संस्करण. ललितपुर : साझा प्रकाशन ।

'गोठाले', गोविन्दबहादुर मल्ल. (२०५२). चुनाव. *कथैकथा.* छैटौँ संस्करण. ललितपुर : साझा प्रकाशन ।

'गोठाले', गोविन्दबहादुर मल्ल. (२०५२). त्यो कान्तिको प्रतीक. *कथैकथा.* छैटौँ संस्करण. ललितपुर : साझा प्रकाशन ।

'गोठाले', गोविन्दबहादुर मल्ल. (२०५२). म जुजुमान. *कथैकथा.* छैटौँ संस्करण. ललितपुर : साझा प्रकाशन ।

'गोठाले', गोविन्दबहादुर मल्ल. (२०६१). दुई बूढा. *जङ्गबहादुर र हिरण्यगर्भकुमारी.* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण. (२०७१). *उत्तर सिद्धान्त : अद्यतन चिन्तनका महान् पाश्चात्य प्रणेता.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, वासुदेव. (२०५६/०५७). पाश्चात्य साहित्य सिद्धान्त र समालोचनापद्धतिको रूपरेखा. *वाङ्मय.* वर्ष ९, पूर्णाङ्क ९, पृ. ६४-९५ ।

नारंग, गोपीचन्द. (सन् २०००). *संरचनावाद, उत्तर-संरचनावाद एवं प्राच्य काव्यशास्त्र.* अनु. देवेश. दिल्ली : साहित्य एकेडेमी ।

बराल, कृष्णहरि. (२०६८). *मनोविश्लेषण र साहित्य.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

Alcorn, Marshall. (2008). Psychoanalysis and narrative. *In:* David Herman, Manfred Jahn and Marie- Laure Ryan (eds.) *Routledge encyclopedia of narrative theory.* London and New York: Routledge.

Castle, Gregory. (2007). *Literary theory*. Malden: Blackwell Publishing.

Clark, Michael P. (1994). Lacan, Jacques. *In:* Michel Groden and Martin Kreiswirth (eds.) *The Johns Hopkins guide to literary theory and Crticism*. Baltimore and London: The Johns Hopkins University Press.

Dobie, Ann B. (2012). *Theory into practice: An introduction to literary criticism*. Third Edition. Boston: Wadsworth Cengage learning.

Evans, Dylan (1996). *An introductory dictionary of lacanian psychoanalysis.* London & New York: Routledge.

Habib, M.A.R. (2008) *Modern literary criticism and theory*. Malden: Blackwell publishing.

Lacan, Jacques (1997). *Ecrits: A selection*. Trans. Alan Sheridan. New York: W.W. Norton & Company.

Leitch, Vincent B. (2001). *The norton anthology: Theory and criticism*. New York and London: W.W. Norton and Company.